**मुख्यमन्त्री**

**बागमती प्रदेश**
**हेटौंडा, नेपाल**

# नव वर्ष २०८३ को शुभकामना

आज वैशाख १ गते, नयाँ वर्ष २०८३ साल प्रारम्भको सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरू तथा बागमती प्रदेशवासी दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषताले भरिएको सुन्दर देश हो । अनेकतामा एकता र राष्ट्रिय स्वाभिमान नै हाम्रो साझा पहिचान हो । नव वर्षको यस सुरुवातले हामी नेपालीबिच बन्धुत्व, एकता र आपसी सद्भाव कायम राख्न थप मद्दत पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु ।

बागमती प्रदेश सरकार हाम्रा मौलिक परम्परा र संस्कृतिहरूको संरक्षण गर्दै 'समृद्ध प्रदेश' निर्माणको लक्ष्य हासिल गर्न दृढ सङ्कल्पित छ । गरिबमुखी, सेवामुखी, न्यायमुखी, आयमुखी, विकासमुखी र जनमुखी लक्ष्य सहित नेपालको संविधानले परिकल्पना गरेको सङ्घीयताको कार्यान्वयनमा तिनै तहका सरकार सञ्चालनमा आपसी समन्वय, सहकार्य र सहअस्तित्व कायम गर्दै अगाडि बढ्न अग्रसर छ ।

भ्रष्टाचारमुक्त-सुशासनयुक्त, जबाफदेही, उत्तरदायी र जिम्मेवार-बागमती प्रदेश सरकारले हामी बिचको सामाजिक सद्भाव कायम गर्दै जनअपेक्षा अनुरूप नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्रको लक्ष्य हासिल गर्न हामी सबै नेपाली एकताबद्ध भई अघि बढ्न प्रेरणा प्रदान गर्नेछ भन्ने अपेक्षा राख्दै समस्त प्रदेश, देश र विदेशवासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरूमा पुनः नव वर्ष २०८३ साल सुख, शान्ति, समृद्धि, खुसी र सु-स्वास्थ्यको वर्ष बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

*धन्यवाद । जय नेपाल ।*

विक्रम सम्वत् २०८३ वैशाख, ०१
नेपाल सम्वत् ११४६ चौलागा, द्वादशी

**इन्द्रबहादुर बानियाँ**
**मुख्यमन्त्री**